आज मिति २०७५।०३।२१ गतेका दिन यस राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा गाउँपालिकाको बैठक निम्न पदाधिकारी ज्यूहरुको उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. १ | |
| श्री मदन कुमार वली | वडा अध्यक्ष वडा नं. २ | |
| श्री गंगाराम थारु | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री कान्छा थारु | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री झगरु थारु | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री जनक बहादुर थारु | वडा अध्यक्ष वडा नं ६ | |
| श्री रामलखन थारु | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री खुम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री महावीर वली | वडा अध्यक्ष वडा नं. ९ | |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | दलित/अल्पसंख्यक सदस्य | |
| श्री पतरी दमाई | दलित/अल्पसंख्यक सदस्य | |
| श्री नोखिराम ओली | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णयहरु:

~~राप्तीसोनारी गाउँपालिकाको अठौं बैठक २०७५।३१~~

१. आ.व. ०७५/०७६ को नीति तथा कार्यक्रम राप्ती सोनारी गाउँपालिकाको आजको बैठकबाट स्वीकृत गरीयो, स्वीकृत नीति तथा कार्यक्रम २०७५/०३/२२ गते दिनको १ बजे तेश्रो गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

२. राप्ती नदीको तपसिलका घाटहरुमा डुंगा संचालन गर्न चाहनेहरु विच प्रतिष्पर्धा गराई ठेक्का मार्फत डुंगा संचालन गराउनका लागि सूचना आहवान गर्ने निर्णय गरीयो ।

तपसिल

| क्र.सं. | घाटको नाम र स्थान | न्युनतम बोलपत्र रकम/ बार्षिक |
|---|---|---|
| १. | राप्ती नदीको मदुवा घाट कचनापुर | ९०,०००/- |
| २. | राप्ती नदीको सती घाट फत्तेपुर | १,३५,०००/- |
| ३. | राप्ती नदीको पिप्रहवा फत्तेपुर | १,३५,०००/- |
| ४. | राप्ती नदीको भम्का खासकुसुम | ३६,०००/- |
| ५. | अमुवा खासकुश्मा | ३६,०००/- |

शर्तहरु

१) नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ ।
२) आवेदन फारम खरीद गरेको रु ५००/- को नगदी रसिद पेश गर्नुपर्ने छ ।
३) डुङ्गा चालक अनुभबिको सिफारिस वडाले दिएको हुनुपर्ने छ ।
४) डुङ्गा ठेकेदारले स्वयं आफै व्यवस्था गर्नुपर्ने छ ।

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस राप्तीसोनारी गाउँपालिकामा देहाय बमोजिमका कार्यबिधिहरु स्वीकृत गरियो ।

क.राप्ती सोनारी गाउँपालिका उपभोक्ता समिति गठन परिचालन तथा ब्यबश्थापनन सम्बन्धी कार्यबिधि २०७५

ख.राप्ती सोनारी गाउँपालिका घ वर्गको निर्माण ब्यबशायी सम्बन्धी कार्यबिधि २०७५

ग.राप्तीसोनारी गाउँपालिका गरीवी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन कार्यबिधि २०७५

घ.राप्तीसोनारी गाउँपालिका अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५

ङ.राप्तीसोनारी गाउँपालिका करारमा प्राबिधिक कर्मचारी ब्यबश्थापन गर्ने सम्बन्धी कार्यबिधि २०७५

च.राप्तीसोनारी गाउँपालिका एकीकृत सम्पत्ति कर ब्यबश्थापन कार्यबिधि २०७५

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस राप्तीसोनारी गाउँपालिकामा देहाय बमोजिमका बिधेयकहरु स्वीकृतिका लागि तेश्रो सभामा पेश गर्ने निर्णय गरियो ।

क.राप्तीसोनारी गाउँपालिकाको आर्थिक बिधेयक २०७५

ख.राप्तीसोनारी गाउँपालिकाको बिनियोजन बिधेयक २०७५

निर्णय नं.५: गाउँसभाको पूर्व तयारी,वार्षिक कार्यक्रम तयारी तथा सभा आयोजनामा खटिने देहाय बमोजिमका कर्मचारीहरुलाई १/१ महिनाको तलव बरावरको भत्ता तथा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत श्री नोखिराम ओलि
नायव सुव्वा श्री दिलाराम राना
लेखापाल श्री दिपक कार्की
वडा सचिव ९ नम्बर श्री पुष्कर सिंह ठकुरी
वडा सचिव ८ नम्वर श्री रोशन कुमार ओली
वडा सचिव ४ नम्वर श्री रामु के.सी.
कार्यालय सहयोगी राम कुमार थारु
कार्यालय सहयोगी चेत बहादुर बोहरा
कार्यालय सहयोगी रामप्यारी थारु
कार्यालय सहयोगी लक्ष्मी कुमाल